# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर), जमल, काठमाडौंमा नृत्य कलाकार (तह ५) पदमा कार्यरत अंजु रंजितकारको शैक्षिक प्रमाणपत्र छानविन गरि पाउँ भन्ने ब्यहोराको उजुरी उपर अनुसन्धान हुँदा निज 'ख' श्रेणीको कलाकार, नृत्य प्राविधिक सेवा (कलाकार समूह) तह ४ पदमा स्थायी नियुक्ति लिइ नृत्य कलाकार तह ५ पदमा विशेष बढुवा हुनको लागि जनज्योति माध्यमिक विद्यालय, नवलपरासीबाट कक्षा १० (सेन्टअप) उत्तीर्ण गरेको झुठ्ठा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी कार्यरत रही लाभसमेत लिएको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला